**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- भारतीय जनता पार्टीका केंद्रीय चुनाव समितिको बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भयो।
- प्रधानमंत्री नरेन्द्र मोदीले बुधवार बिहारका बूथ स्तरका पार्टी कार्यकर्ताहरुसित बातचीत गर्नुहुनेछ।
- केंद्रीय गृह मंत्री अमित शाहले आज राजस्थानको एक दिने भ्रमणको क्रममा जयपुर पुग्नु हुनेछ।
- गाजामा युद्ध समाप्त गर्न शांति समझौतालाई अंतिम रूप दिन अंतर्राष्ट्रीय सम्मेलन आज मिस्रकोमा शुरू हुँदैछ। केंद्रीय विदेश राज्य मंत्री कीर्ति वर्धन सिंहले सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ।
- आईसीसी महिला एकदिवसीय क्रिकेट विश्व कपमा, हिजो ऑस्ट्रेलियासित भएको रोमांचक म्याचमा भारतले हारको सामना गरेको छ ।

**भाजपा सीइसी बैठक**

भारतीय जनता पार्टीका केंद्रीय चुनाव समितिको बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। प्रधानमंत्री नरेन्द्र मोदी, गृहमंत्री अमित शाह, रक्षा मंत्री राजनाथ सिंह, भाजपा अध्यक्ष जे.पी नड्डा अनि पार्टीका अन्य वरिष्ठ नेता बैठकमा सामेल थिए। बिहार विधानसभा चुनावका लागि सीट बाडफाड फॉर्मूलाको घोषणापछि बोलाइएको यस बैठकको उद्देश्य पार्टीको चुनावी रणनीति अनि उम्मीदवारहरुको सूचीलाई अंतिम रूप दिनु हो। सत्तारूढ़ राष्ट्रीय जनतंत्रिक गठबंधन-एनडीएले हिजो सीट बाडफाडको घोषणा गर्यो। समझौता अनुसार भारतीय जनता पार्टी र जनता दल यूनाइटेड 101 - 101 सीटहरुमा चुनाव लडने छ। लोक जनशक्ति पार्टी- रामविलास गुटलाई 29 सीट तथा हिन्दुस्तानी अवाम मोर्चा अनि राष्ट्रीय लोक मोर्चालाई 6-6 सीट दिइएको छ। चुनावमा एनडीएको सिधा सामना विपक्षी इंडी गठबंधनसित हुनेछ। यस गठबंधनमा राष्ट्रीय जनता दल, कांग्रेस, भारतीय कम्युनिस्ट पार्टी- माले लिब्रेशन, भारतीय कम्युनिस्ट पार्टी अनि मार्क्सवादी कम्युनिस्ट पार्टी तथा विकासशील इंसान पार्टी शामिल छ। इंडी गठबंधनले हाल सम्म सीट बाडफाडमाथि अन्तिम निर्णय गरेको छैन। बिहार विधानसभा चुनाव दुइ चरणमा- 6 अनि 11 नवंबरमा हुनेछ। वोट गणना 14 नवंबरको दिन हुनेछ।

**पीएम-बिहार**

प्रधानमंत्री नरेन्द्र मोदीले बुधवार बिहारका बूथ स्तरका पार्टी कार्यकर्ताहरुसित बातचीत गर्नुहुनेछ। एक सोशल मीडिया पोस्टमा श्री मोदीले पार्टी कार्यकर्ताहरुलाई **"मेरा बूथ सबसे मजबूत"** अभियानमा सामेल हुने अनि आफ्नो सुझाव साझा गर्ने अनुरोध गर्नुभयो। प्रधानमंत्रीले बताउनु भए अनुसार केहि कार्यकर्ताहरुसित उनीहरुको सुझावहरुमा उहाँले सीधा बातचीत गर्नुहुनेछ ।

**अमित शाह - जयपुर**

केंद्रीय गृह मंत्री अमित शाहले आज राजस्थानको एक दिने भ्रमणको क्रममा जयपुर पुग्नु हुनेछ। उहाँले तीन नयाँ

आपराधिक कानून लागू भएको एक वर्ष पुरामा आयोजित राज्य स्तरीय प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ। आजदेखि आरंभ हुने छ दिनको यस प्रदर्शनीमा यी कानूनहरुको प्रमुख प्रावधानहरुको उल्लेख हुनेछ। श्री शाहले जनसभालाई पनि संबोधित गर्नुहुनेछ। गृह मंत्रीले **राइजिंग राजस्थान** वैश्विक निवेश सम्मेलन, 2024 अन्तर्गत प्राप्त चार लाख करोड़ रुपियाँको समझौता ज्ञापन अन्तर्गत आरंभ गरिने परियोजनाहरुको भूमिपूजन समारोहमा भाग लिनु हुनेछ। यस बाहेक, उहाँले नौ हजार तीन सौ करोड़ रुपियाँ भन्दा अधिकको विकास योजनाहरुको उद्घाटन अनि शिलान्यास गर्नुहुनेछ।

**जीएसटी सुधार-हिमाचल प्रदेश**

प्रधानमंत्री नरेन्द्र मोदी द्वारा घोषित जीएसटी सुधार पछिलो महिनाको 22 तारीखदेखि लागू भयो। प्रधानमंत्रीले यसलाई बचत उत्सवको नाम दिनुभएको छ, जसले पुरा देशलाई लाभ भइरहेको छ। वस्तु अनि सेवा कर सुधारको प्रभावहरु संबन्धित आज प्रस्तुत छ सशोधित दरले हिमाचल प्रदेशको उद्योगहरुलाई प्राप्त भएको मजबूती बारेमा हाम्रो संवाददाताको रिपोर्ट –

**गाजा शांति सम्मेलन**

गाजामा युद्ध समाप्त गर्न शांति समझौतालाई अंतिम रूप दिन अंतर्राष्ट्रीय सम्मेलन आज मिस्रको शर्म-अल-शेख मा शुरू हुँदैछ। मिस्रका राष्ट्रपति अब्देल फतह अल-सीसी अनि अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रंपले सम्मेलनको सह-अध्यक्षता गर्नेछन्। बैठकमा 20 भन्दा अधिक देशका नेताहरुले भाग लिने संभावना छ। संयुक्त राष्ट्र महासचिव अंतोनियो गुतेरस पनि सम्मेलनमा सामेल हुनु हुनेछ। मुख्य रूपले गाजा पट्टीमा युद्ध समाप्त गर्ने, क्षेत्रीय शांति प्रयासहरुलाई बढ़ावा दिने अनि पश्चिम एशियामा सुरक्षा अनि स्थिरता बहाल गर्ने बारे चर्चा हुनेछ। केंद्रीय विदेश राज्य मंत्री कीर्ति वर्द्धन सिंहले शांति सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ। एक सोशल मीडिया पोस्टमा उहाँले शांति सम्मेलनमा प्रधानमंत्री नरेन्द्र मोदी विशेष प्रतिनिधिका रूपमा काहिरा पुग्ने जानकारी दिनुभयो। बिहिबारको दिन प्रधानमंत्री मोदीले इस्राइल र हमास बीच शांति योजनाको पहिलो चरणमा भएको समझौताको स्वागत गरेको छ। हाम्रो संवाददाताको यो रिपोर्ट-

**भारत गाजा शांति शिखर सम्मेलन**

केंद्रीय विदेश राज्य मंत्री कीर्ति वर्धन सिंह ग़ाजा शांति शिखर सम्मेलनमा भारतको प्रतिनिधित्व गर्न मिस्रको राजधानी काहिरा पुग्नु भएको छ। एक सोशल मीडिया पोस्टमा, उहाँले बताउनु भएको छ, प्रधानमंत्री नरेंद्र मोदीको विशेष प्रतिनिधिका रूपमा उहाँ **शर्म अल-शेख** मा आयोजित यस सम्मेलनमा भाग लिनुहुनेछ। यस अघि, प्रधानमंत्री मोदीले बिहिबार अमरीकी राष्ट्रपति डोनाल्ड ट्रंपको शांति योजनाको पहिलो चरणमा इज़राइल अनि हमास बीच समझौतालाई स्वागत गरेको छ।श्री मोदीले एक सोशल मीडियामा बंधकहरुको रिहाई अनि गाजाका मानिसहरुलाई मानवीय सहायतामा वृद्धिको आशा व्यक्त गर्नुभयो।

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले आज **राती साढे नौ** बजी फोन-इन कार्यक्रम **"पब्लिक स्पीक"** मा **ऑनलाइन अनि सोशल मीडिया अपराधहरुदेखी सुरक्षित रहने उपायहरु** माथि परिचर्चा प्रसारित गर्नेछ। साइबर अपराध विभाग, गुरूग्रामका सहायक पुलिस आयुक्त **प्रियांशु दीवानले** परिचर्चामा भाग लिनुहुनेछ।

श्रोता ऑनलाइन अपराधहरुको पहीचान, रिपोर्ट र सुरक्षित रहने उपायहरु बारे प्रश्न सोध्न सक्ने छन्। प्रश्नका लागि टेलीफोन नंबर छ- **011-23310481, 011-23717117, 011-23717106 अनि 011-23314444. व्हाट्सएप** नंबर **928-909-4044** मा पनि प्रश्न सोध्न सकिनेछ। तपाईहरु आफ्नो प्रश्न **हैशटैग आस्क-ए.आई.आर.** को साथ **एक्समा** पनि पोस्ट गर्न सक्नु हुनेछ।

**नेपाल गिरफ्तारी**

नेपाल पुलिसले दिसंबर 2022 मा इलेक्ट्रॉनिक सिगरेटमा लुकाएको 730 सुनको टुक्राको तस्करी सन्दर्भमा प्रतिनिधि

सभाका पूर्व अध्यक्ष कृष्ण बहादुर महारालाई पक्राउ गरेको छ। गंभीर अनि संगठित अपराधहरुको जाँच गर्ने नेपाल पुलिसको विशेष शाखा, केंद्रीय जाँच ब्यूरोले भनेको छ, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केंद्र)का वरिष्ठ नेता 68 वर्षीय महारालाई एक संगठित सुन तस्करी रैकेटमा कथित संलिप्तताको आरोपमा पक्राउ गरिएको हो। यो सुन लगभग तीन बर्ष अघि त्रिभुवन अंतर्राष्ट्रीय हवाई अड्डामा जफत गरिएको इलेक्ट्रॉनिक सिगरेट भित्र लुकाइएको थियो। पुलिस सुत्रले बताए अनुसार महारा बिरुद्ध सीमा शुल्क अधिनियम अनि संगठित अपराधसित संबंधित कानून अन्तर्गत जाँच चलिरहेको छ।

## महिला क्रिकेट भारत ऑस्ट्रेलिया

आईसीसी महिला एकदिवसीय क्रिकेट विश्व कपमा, हिजो ऑस्ट्रेलियासित भएको रोमांचक म्याचमा भारतले हारको सामना गर्न पर्यो। विशाखापत्तनममा खेलिएको मैचमा शानदार प्रदर्शन गरेपनि भारतले 330 रनको विशाल स्कोरलाई जीतमा परिणत गर्न सकेन| भारतले पहिले ब्याटिंग गर्दै, 330 रन बनाएको थियो। ओपनिंग ब्यट्सम्यान स्मृति मंधानाले मात्र 66 बलमा 80 रनको पारी खेले। प्रतिका रावलले 75 रन बनाए। ऑस्ट्रेलियाई बलर एनाबेल सदरलैंडले सर्वाधिक 5 विकेट चटकाए। ऑस्ट्रेलियाको ओपनिंग ब्यट्सम्यान एलिसा हीलीले 107 बलमा 142 रन बनाए, उनलाई **प्लेयर ऑफ द मैच** घोषित गरियो।

****** ० ******